**Butwal Campus Journal, Vol. 8, No. 1: 171-179, August 2025**
Research Management Cell, Butwal Multiple Campus, Tribhuvan University, Nepal
DOI: https://doi.org/10.3126/bcj.v8i1.85564

# राजेश्वरी खण्डकाव्यमा वर्णविन्यासवक्रताको प्रयोग

मुकुन्द शर्मा, पिएचडी
sharmabp997@gmail.com
विष्णुमाया परियार
prbishnu46@gmail.com

**लेखसार**

*प्रस्तुत लेखमा माधवप्रसाद घिमिरे (वि.सं.१९७६–२०७८) द्वारा रचित राजेश्वरी खण्डकाव्यलाई ईसाको एघारौं शताब्दीका समालोचक कुन्तकद्वारा प्रतिपादित पूर्वीय साहित्यको वक्रोक्ति सिद्धान्त अन्तर्गत पर्ने वर्णविन्यासवक्रताको पहिचान गर्ने कार्यमा केन्द्रित छ । पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी तयार पारिएको यस लेखमा अध्ययनीय कृतिमा प्रयुक्त वर्णविन्यासवक्रता र तिनले कृतिमा सिर्जना गरेको लय माधुर्य, श्रुतिपेशलता एवम् त्यसबाट झल्किने अर्थ चामत्कारिकता तथा त्यसले उपर्युक्त कृतिमा पारेको प्रभावका विषयमा स्पष्ट्याउने कार्य गरिएको छ । विश्लेषणका लागि उपर्युल्लिखित सामग्रीका अतिरिक्त विभिन्न विद्वान्हरूद्वारा लिखित पुस्तक तथा विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचनालाई समेत स्रोत सामग्रीका रूपमा उपयोगमा ल्याइएको छ । प्राप्त तथ्यहरूलाई निगमन विधिका आधारमा वर्णविन्यासवक्रताका प्रकारहरूको विश्लेषण गरी आगमन विधिबाट निष्कर्ष निकालिएको छ । विश्लेषणका क्रममा वर्णविन्यासवक्रताअन्तर्गत पर्ने व्यवधानयुक्त वर्णविन्यासवक्रता, ध्वनितात्त्विक उच्चारणगत वर्णविन्यासवक्रता, तलनादि वर्णविन्यासवक्रता, रकारादि वर्णविन्यासवक्रता, व्यवधान विहीन वर्णविन्यासवक्रता र भावानुकूल वर्णविन्यासवक्रता जस्ता बुँदालाई मुख्य आधार बनाइएको छ । यसरी विश्लेषण गर्दा पूर्वीय साहित्यका विद्वान् तथा सिद्धान्तकार कुन्तकद्वारा प्रतिपादित वक्रोक्ति सिद्धान्त उपयुक्त र सान्दर्भिक छ भन्ने कुरा घिमिरेको राजेश्वरी खण्डकाव्यको विश्लेषणबाट पुष्टि हुन आएको छ ।*

**शब्दकुञ्जिका :** उच्चारणगत, तलनादि वर्णविन्यासवक्रता, प्रतिपादित, व्यवधानयुक्त ।

## विषयपरिचय

*राजेश्वरी* खण्डकाव्यका रचयिता माधवप्रसाद घिमिरे (जीवनकाल वि.सं.१९७६–२०७८) हुन् । यिनी नेपाली साहित्यका राष्ट्रकवि पदले विभूषित र प्रख्यात छन् । यिनलाई नेपाली साहित्यको स्वच्छन्दतावादी भावभूमि र परिष्कारवादी शिल्पशैलीमा कलम चलाउने सशक्त प्रतिभाका रूपमा लिइन्छ । यिनले  बैशाख, युवा, घामपानी आदि फुटकर कविता र राष्ट्रनिर्माता, गौरी, राजेश्वरी आदि खण्डकाव्य कृति रचना गरी नेपाली साहित्यलाई समृद्ध पारेका छन् । प्रस्तुत आलेखमा घिमिरेद्वारा रचित राजेश्वरी खण्डकाव्यमा प्रयुक्त वर्णविन्यासवक्रताको खोजी गरिएको छ ।

वर्णविन्यासवक्रता आचार्य कुन्तक (एघारौं शताब्दी) द्वारा प्रतिपादित वक्रोक्ति सिद्धान्त अन्तर्गत पर्ने विभिन्न भेदोपभेदमध्येको एउटा भेद हो । कुन्तकका विचारमा भाषाका लघुतम एकाइ वर्णदेखि सङ्कथनसम्मका विभिन्न तहमा रही लोकोत्तर अर्थ दिने र सहृदयलाई आनन्दित पार्ने काव्यसौन्दर्य नै वक्रोक्ति हो । उनले 'वाचक (शब्द) र वाच्य (अर्थ) दुवै मिलेर काव्य बन्दछ र तिनै वाच्य वाचकलाई अलङ्कृत पार्ने तत्त्व वक्रोक्ति हो जुन विचित्रतापूर्ण अभिव्यक्तिबाट प्रकट हुन्छ र वर्णका तहदेखि प्रबन्ध काव्यसम्मका रचनामा झल्किन्छ' भनेको पाइन्छ । यस्तो वक्रोक्ति 'अलङ्कारयुक्त र वैदग्ध्यभङ्गीभणिति हुन्छ जसलाई काव्य कृतिमा सौन्दर्यका रूपमा लिइन्छ' । यस्तो सौन्दर्य एक, द्वि वा बहुव्यञ्जन वर्णहरू व्यवधान रहित वा व्यवधानसहित किसिमले आवृत्ति भई आउँदा प्रकट हुन्छ । यस अध्ययनका सन्दर्भमा *राजेश्वरी खण्डकाव्य*मा के कस्ता

वर्णविन्यासवक्रताको प्रयोग भएका छन् भन्ने मूल प्राज्ञिक जिज्ञासा बनाई विश्लेषणद्वारा यसको समाधान गरिएको छ ।

## समस्याकथन र अध्ययनको उद्देश्य

पूर्वीय साहित्यको एघारौं शताब्दीका चिन्तक कुन्तकद्वारा प्रतिपादित वक्रोक्ति सिद्धान्तका आधारमा नेपाली साहित्य र लोकसाहित्यका विभिन्न कृतिको विश्लेषण गरेको पाइन्छ । यस्तो विश्लेषण वक्रोक्तिका सबै भेदका आधारमा र कुनै एक मात्र भेदका आधारमा पनि गरिएको पाइन्छ । यिनैमध्ये वर्णविन्यासवक्रता पनि एक हो । यसै वक्रताका आधारमा पनि विभिन्न कृतिहरुको अध्ययन भएको देखिन्छ तर राजेश्वरी खण्डकाव्यमा वर्णविन्यासवक्रताको प्रयोगका दृष्टिले अध्ययन हुन बाँकी नै रहेको छ भन्ने देखिन आएको छ । माधव प्रसाद घिमिरे नेपाली साहित्यका प्रसिद्ध कवि हुन् । उनी राष्ट्र कविको उपाधिले समेत विभूषित छन् । यिनका कृतिहरुको विभिन्न सैद्धान्तिक आधारमा अध्ययन भएको भए तापनि राजेश्वरी खण्डकाव्यमा प्रयुक्त वर्णविन्यासवक्रताका दृष्टिले अध्ययन हुन बाँकी नै रहेको छ भन्ने यस अध्ययनबाट देखिन आएको छ । त्यसैले प्रस्तुत अध्ययनमा राजेश्वरी खण्डकाव्यमा वर्णविन्यासवक्रताको प्रयोग के कसरी गरिएको छ र किन गरिएको छ भन्ने प्रश्नलाई मूल प्राज्ञिक जिज्ञासा बनाई विश्लेषणद्वारा यसको समाधान गर्ने उद्देश्य राखिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनका लागि सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस क्रममा विश्लेष्य कृति राजेश्वरी खण्डकाव्यको गहन अध्ययन र टिपोट गरी वर्णविन्यासवक्रताका दृष्टिले उपयुक्त पङक्तिको चयन र टिपोट गरिएको छ भने सैद्धान्तिक अध्ययनका लागि पनि पुस्तकालयीय कार्यबाटै द्वितीयक स्रोतका सामग्रीको पहिचान गरिएको छ । त्यसैले नेपाली साहित्यको कविता विधा अन्तर्गत पर्ने माधव प्रसाद घिमिरेद्वारा रचिट राजेश्वरी खण्डकाव्यको मात्र अध्ययन गर्नु यसको विषयगत क्षेत्र रहन गएको छ भने एघारौं शताब्दीका कुन्तकद्वारा प्रतिपादित वक्रोक्तिका ६ भेदमध्येको वर्णविन्यासवक्रताका बारेमा मात्र अध्ययन गर्नु यसको सैद्धान्तिक सीमा रहेको छ । अध्ययनका क्रममा कुन्तकद्वारा रचित तथा आचार्य विश्वेश्वरद्वारा हिन्दीमा अनुवाद गरिएको *हिन्दी वक्रोक्तिजीवित*, दशरथ द्विवेदीद्वारा अनुदित *वक्रोक्तिजीवितम्* र माधवप्रसाद घिमिरेद्वारा रचित विवेच्य कृति *राजेश्वरी* खण्डकाव्यको सूक्ष्म पठन गरी तथ्यहरू सङ्कलन गरिएको छ । सङ्कलित तथ्यबाट विश्लेष्य कृति *राजेश्वरी*मा वर्णविन्यासवक्रता र तिनले कृतिमा सिर्जना गरेको लय माधुर्य एवम् अर्थ चामत्कारिकता पहिल्याउने कार्य गरिएको छ । विश्लेषणका लागि उपर्युल्लिखित सामग्रीका अतिरिक्त विभिन्न विद्वानहरुद्वारा लिखित पुस्तक तथा विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचनालाई समेत स्रोत सामग्रीका रुपमा लिइएको छ । यस सन्दर्भमा आगमन विधिका माध्यमबाट तथ्यहरूको खोजी गरी प्राप्त तथ्यहरूलाई निगमन विधिका आधारमा माथि उल्लेखित वर्णविन्यासवक्रताका प्रकारहरूको विश्लेषण र निष्कर्षण गरिएको छ । यसरी विश्लेषण गर्दा व्यवधानयुक्त वर्णविन्यासवक्रता, ध्वनितात्त्विक उच्चारणगत वर्णविन्यासवक्रता, वर्गान्तस्पर्शयोगी वर्णविन्यासवक्रता, तलनादि वर्णविन्यासवक्रता, रकारादि वर्णविन्यासवक्रता, व्यवधान विहीन वर्णविन्यासवक्रता, भावानुकूल वर्णविन्यासवक्रता यस अन्तर्गत माधुर्य गुण, ओज गुण, प्रसाद गुण जस्ता बुँदाहरुलाई मुख्य विश्लेष्य आधारका रुपमा लिइएको छ ।

## विश्लेषणको सैद्धान्तिक ढाँचा

काव्यको विश्लेषण गर्ने विभिन्न सिद्धान्त र पद्धतिहरु छन् । तीमध्ये वक्रोक्तिवादी सिद्धान्त पनि एक हो । संस्कृत साहित्यमा वक्रोक्तिको चर्चा भामहदेखि नै भएको पाइन्छ (भट्टराई, २०७७, पृ. १३८) तापनि वक्रोक्तिलाई नै मूल सिद्धान्तका रुपमा स्थापित गराउने श्रेय ईसाको ११रौं शताब्दीका सिद्धान्तकार कुन्तकलाई जान्छ (मिश्र, २०२४, पृ. १५) । भामहले विशेष किसिमले व्यक्त गरेर विशेष प्रकारको अर्थ दिने शब्द नै काव्य हो भनेर वक्रोक्तिका बारेमा प्रथम पटक विचार प्रस्तुत गरेको देखिन्छ । उनका अनुसार काव्य भनेको विशिष्ट कथन हो र त्यो विशिष्ट कथन भनेको अतिशयोक्ति हो र अतिशयोक्ति भनेकै शब्द र

अर्थमा निहित वक्रता हो र यही वक्रताबाट भावको विभावन हुन्छ (उपाध्याय, २०४८, पृ. २३८) । दण्डीले समस्त वाङ्मयलाई स्वभाववोक्ति र अतिशयोक्ति अर्थात् वक्रोक्ति गरी दुई भागमा विभाजन गर्दै वक्रोक्तिलाई साधारण कथनभन्दा भिन्न सौन्दर्यको पुष्टि गर्ने विशिष्ट कथन हो भनेका छन् । यसपछिका वामनले वक्रोक्तिलाई अर्थालङ्कारका रुपमा, रुद्रट, मम्मट र विश्वनाथले श्लेष र काकु जस्ता शब्दालङ्कारका रुपमा, ध्वनिवादी आनन्द वर्धन र अभिनव गुप्तले अतिशयोक्ति अलङ्कारका रुपमा लिएको पाइन्छ । यसरी वक्रोक्तिलाई अलङ्कारको जनक भनेर मानेको देखिन्छ । यसै क्रममा कुन्तक देखा पर्दछन् र यिनले *वक्रोक्ति जीवितम्* नामक लक्षण ग्रन्थका माध्यमबाट यस सिद्धान्तको प्रतिपादन र स्थापना गरेका छन् । यिनले पूर्ववर्ती काव्य सिद्धान्तका प्रायः सबै मान्यताको लेखाजोखा गरी ती सबै सिद्धान्तलाई उपकारक र वक्रोक्तिलाई साहित्यको आत्मा मानेका छन् । उनका विचारमा शब्द (वाचक) र अर्थ (वाच्य) राम्रो तरिकाले मिलेको सिर्जना नै काव्य हो भन्ने रहेको छ । यी शब्द र अर्थ विशेष किसिमका हुनुपर्दछ जसको बोधबाट काव्यका पारखीलाई आनन्दानुभूति हुन्छ (कुन्तक, २०२४, पृ. ५७) भनेको पाइन्छ ।

अघिल्ला सिद्धान्तकारद्वारा प्रतिपादित सिद्धान्तले कृतिको समग्र अध्ययन गर्न नसकेको ठानी एघारौं शताब्दीका कुन्तकले वक्रोक्ति सिद्धान्तको प्रतिपादन गरेका हुन् भन्ने मानिन्छ । यिनका विचारमा शब्द (वाचक) र अर्थ (वाच्य) साहित्यिक कृतिका अलङ्कार्य तत्त्व हुन् र तिनलाई अलङ्कृत गर्ने तत्त्व वक्रोक्ति हो (द्विवेदी, सन् २००७ पृ. ३२) भन्ने रहेको छ । यस्तो वक्रोक्ति प्रसिद्ध कथनभन्दा भिन्न लोकोत्तर अर्थ दिने अर्थात् कविकर्म कौशलद्वारा गरिएको विचित्र कथन हुनु पर्दछ (आचार्य, सन् १९९५, पृ. ३३) भन्ने रहेको छ । यसैलाई वक्र वैचित्र्य कथन पनि भनिन्छ । यसरी 'प्रसिद्ध कथन भन्दा भिन्न वक्र वैचित्र्य कथन जुन कवि प्रतिभाजन्य चमत्कारबाट प्रकट हुन्छ'लाई वक्रोक्ति भन्न सकिन्छ । वक्रोक्तिका पनि विभिन्न भेद उपभेदहरू रहेका छन् जसमा कविले आफ्नो प्रतिभा र क्षमताद्वारा आफ्नो सिर्जनामा चमत्कार उत्पन्न गर्न सहज वा सचेतता पूर्वक जुन साधन वा प्रशाधनको उपयोग गर्दछ ती सबै वक्रोक्तिका भेदमा पर्दछन् भन्ने देखिन्छ । विदग्ध अर्थात् सौन्दर्यपूर्ण कथनका आधारमा आचार्य कुन्तकद्वारा वक्रोक्तिका *वर्णविन्यासवक्रता, पदपूर्वार्द्धवक्रता, पदपरार्द्धवक्रता, वाक्यवक्रता, प्रकरण र प्रबन्धवक्रता* गरी ६ प्रकारमा वर्गीकरण गर्दै तिनलाई पनि विभिन्न भेदोपभेदमा बाँडिएको भेटिन्छ । वक्रोक्तिका यी छ भेदहरू कुनै पनि साहित्यिक कृतिका लघुतम अवयव वर्णदेखि लिएर बृहत्तम प्रबन्धात्मक कृतिसम्म रहने सौन्दर्यपक्षसँग सम्बन्धित छ । कुन्तकका उपर्युक्त वर्गीकरणका आधार व्याकरणिक र शास्त्रीय दुवै रहेका छन् ।

प्रस्तुत अध्ययन वर्णविन्यास वक्रतासँग सम्बन्धित भएकाले यसैको सैद्धान्तिक प्रारुप दिनु सान्दर्भिक हुन्छ । वर्णको विशेष प्रकारको रखाइबाट झल्किने वैचित्र्य अर्थात् चमत्कार नै वर्णविन्यासवक्रता हो (द्विवेदी, सन् २००७, पृ. ७९) । यसलाई अन्य विद्वान्हरूले अनुप्रास भनेका छन् (शर्मा, २०६८, पृ. ९२) । कुन्तकले यसलाई अझ स्पष्ट पार्दै कुनै पनि साहित्यिक कृतिमा विशेष किसिमले सजाएर राखिएका वर्ण वा अक्षरबाट प्रकट हुन आउने वक्रता (सौन्दर्य) नै वर्णविन्यासवक्रता हो (द्विवेदी, सन् २००७, पृ. १४१) भनेका छन् । यस सन्दर्भमा वर्ण भन्नाले व्यञ्जन वर्णलाई मात्र बुझिन्छ । अर्थात् खास खास व्यञ्जनवर्णको रखाइबाट जे जस्तो सौन्दर्य प्रकट हुन्छ त्यो नै वर्णविन्यासवक्रता हो (अवस्थी, २०५३, पृ. ५१) भन्ने देखिन्छ । वर्णविन्यासवक्रताको मूलमर्म कुनै पनि कथनमा भाषिक वर्ण वा प्रयोगको वक्रता वा सौन्दर्यपूर्ण चमत्कार हो भन्ने रहेको छ (अचार्य, सन् १९९५, पृ. १००) । कुन्तकले व्यञ्जन वर्णलाई मात्र वर्णविन्यास भनी उल्लेख गरेका भए पनि यसलाई अलि व्यापक बनाउनु आवश्यक देखिन्छ (कुन्तक, २०२४, पृ. १७१) । यस आधारमा वर्ण भन्नाले कुनै पनि मानव मुखोच्चारित सम्पूर्ण स्वर र व्यञ्जन ध्वनिका साथै यिनबाट बन्ने अक्षर समेतलाई लिनुपर्छ । त्यसैले वर्णविन्यासवक्रता भनेको कुनै पनि साहित्यिक कृतिका प्रत्येक कथनमा स्वर, व्यञ्जन वर्ण र तिनबाट बनेका अक्षरको समान वा असमान ध्वन्यात्मक आवृत्तिबाट प्रकट हुने वक्रता वा सौन्दर्य हो र त्यस वर्णविन्यासगत वक्रता वा सौन्दर्यले सम्बन्धित साहित्यिक कथनको भाषिक सौन्दर्य एवम् नादसौन्दर्य, लयमाधुर्य र श्रुतिपेशलता समेतको अभिवृद्धि गरेको हुन्छ (अवस्थी, २०५३, पृ. ५१) । वर्णलाई जे जस्तो रूपमा चिनाउन खोजिए तापनि प्रस्तुत अध्ययनका सन्दर्भमा भने कुन्तकले भने अनुसारका व्यञ्जन वर्णलाई लिई वर्णविन्यासवक्रता पहिल्याउने कार्य गरिएको छ ।

कुन्तकले एक दुई वा धेरै वर्णहरूको व्यवधानयुक्त वा व्यवधानरहित तरिकाले छोटो छोटो अन्तरालमा दोहोरिने क्रमका आधारमा वर्णविन्यासवक्रताका तिन भेद बताएका छन् (द्विवेदी, सन् २००७, पृ. १४१) जस अन्तर्गत (१) कुनै एकवर्णलाई ससानो अन्तरालमै फेरि–फेरि बाँध्ने वा राख्ने कार्यबाट प्रकट हुने वर्णविन्यासवक्रता (२) कुनै दुई वर्ण ससानो अन्तरालमै फेरि–फेरि बाँध्ने वा राख्ने कार्यबाट प्रकट हुने वर्णविन्यासवक्रता र (३) वर्णहरू ससानो अन्तरालमै फेरि–फेरि बाँध्ने वा राख्ने कार्यबाट प्रकट हुने वर्णविन्यासवक्रता । यसैगरी कुन्तकको अर्को वर्गीकरण ध्वनितात्त्विक उच्चारणगत (प्रयत्न) का आधारमा गरिएको वर्णविन्यासवक्रता पर्दछ । यस वर्गीकरणमा संस्कृत व्याकरण अनुसारका स्पर्शी र पञ्चम वर्णको संयोगबाट झल्किने वर्णविन्यासवक्रता एवम् 'तलनादि र रकारादि वर्णविन्यासवक्रता' पर्दछन् । कुन्तकले देखाएका वर्णविन्यासवक्रतालाई (१) व्यवधानयुक्त वर्णविन्यासवक्रता (२) ध्वनितात्त्विक उच्चारणगत वर्णविन्यासवक्रता (३) व्यवधान विहीन वर्णविन्यासवक्रता (४) भावानुकूल वर्णविन्यासवक्रता (५) यमकयमकाभास वर्णविन्यासवक्रता भनेर वर्गीकरण गर्न सकिन्छ । कुन्तकले वर्ण चमत्कार सिर्जना गर्दा सर्जकले विशेष ख्याल गर्नु पर्ने कुरा औंल्याउँदै वर्णविन्यासवक्रताको प्रयोगका सन्दर्भमा केही सीमा समेत तोकेका छन् । जसअन्तर्गत (१) वर्णहरूको रखाइ वर्णित विषय अनुकूल हुनुपर्छ र त्यसले वर्णित विषयको औचित्यलाई पुष्टि गर्नुपर्दछ (२) वर्ण योजना आयोजित र कृत्रिम देखिने खालको हुनु हुँदैन (३) वर्णविन्यासवक्रतामा विचित्रता हुनुपर्छ, यसमा पूर्वावृत्त वर्णका ठाउँमा नयाँ नयाँ वर्णको प्रयोग गरी वर्ण सौन्दर्यलाई आकर्षक र रमणीय बनाउनुपर्छ (४) वर्णयोजना श्रुतिरमणीय, आकर्षक र प्रसाद गुणयुक्त हुनुपर्दछ र (५) अभिव्यक्ति र भाव स्वतस्फूर्त हुनुपर्दछ भन्ने रहेको छ । उपर्युक्त वक्रतामध्ये यस अध्ययनमा व्यवधानयुक्त र व्यवधानरहित एक, द्वि, बहुवर्णविन्यासवक्रता एवम् रकारादि र तलनादि वर्णविन्यासवक्रताका आधारमा माधवप्रसाद घिमिरेद्वारा रचित विवेच्य कृति *राजेश्वरी खण्डकाव्यमा* वर्णविन्यासवक्रताको स्थिति पहिल्याउने प्रयास गरिएको छ ।

## वर्णविन्यासवक्रतागत विश्लेषण

अध्ययनीय कृति राजेश्वरी खण्डकाव्यमा प्रयुक्त वर्णविन्यासवक्रताको पहिचान र त्यसले अर्थमा पार्ने चमत्कारको पहिचानका लागि माथि अध्ययनविधिमा उपर्युल्लिखित बुँदाका आधारमा निम्नानुसार अध्ययन गरिएको छ । यसरी पहिचान गरिएका वर्णविन्यासवक्रतायुक्त वर्णहरूलाई अधोरेखाङ्कित गरिएको छ ।

### व्यवधानयुक्त वर्णविन्यासवक्रता

कुन्तकले सानो सानो अन्तरालमा दुई वा सोभन्दा बढी पटक दोहोरिई आउने वर्णहरूबाट उत्पन्न हुने काव्य सौन्दर्यलाई व्यवधानयुक्त वर्णविन्यासवक्रता भनेका छन् । उनले व्यवधानयुक्त वर्णविन्यासवक्रतालाई पनि एकवर्णविन्यासवक्रता, द्विवर्णविन्यासवक्रता र बहुवर्णविन्यासवक्रता गरी तीन भागमा विभाजन गरेका छन् । यस्ता वक्रतालाई निम्नानुसार विश्लेषण गरी देखाइएको छ :

### व्यवधानयुक्त एकवर्णविन्यासवक्रता र राजेश्वरीमा यसको प्रयोग

कुनै एक वर्ण काव्यांशमा छोटो छोटो अन्तरालमा आवृत्ति भई आएर त्यसले लयमाधुर्य, श्रुतिपेशलता र अर्थमा चामत्कारिता ल्याउँछ भने त्यसलाई एक वर्णविन्यासवक्रता भनिन्छ । यसरी आवृत्ति हुने वक्रतालाई पनि कुन्तकले पदादिमा र पदान्तमा आउने वर्णविन्यासवक्रता गरी दुई भागमा छुट्याएका छन् । राजेश्वरी खण्डकाव्यमा पनि यस्ता उदाहरण प्रसस्त रहेको कुरा निम्न उदाहरणले स्पष्ट पार्दछ:

### पदादिमा वर्णविन्यासवक्रताको प्रयोग

प्रत्येक पद वा शब्दको आदिमा छोटोछोटो अन्तरालमा आएर अर्थचमत्कार ल्याउने वर्णलाई पदादि वर्णविन्यासवक्रता भनिन्छ । जस्तै :

१ **पै**लो याम **प**हाडमाथि कुटिया **पै**लाउँदैमा गयो
दोस्रो याम बसेर वास **पिँ**ढीमा बोलाउँदैमा गयो
चौथो याम भइसक्यो तर **प**नि ढोका तिमी खोल्दिनौ

गाढा निद **प**र्‍यो कि वा विरहको धिक्कारले बोल्दिनौ (१ : २)

माथिको उदाहरण एकमा **प्** वर्ण पदादिमा (पैलो, पैलाउँदैमा, पिंढीमा, पहाड, पर्‍यो, पनि) छ पटक, **ग्** वर्ण (गयो, गयो, गाढा) गरी तीन पटक, **ब्** वर्ण (बसेर, बोलाउँदैमा, बोल्दिनौ) तीन पटक,**य्** वर्ण (याममा) तीन पटक र उदाहरण दुईमा **त्** वर्ण (तिम्रो, तगडा, तगारी, तिमी) शब्दमा चार पटक, **प्** वर्ण (पत्र, पुग्नु,वपर्सि,पूर्वाह्न) चार पटक, **स्** वर्ण (सेवक, सात, सवार, सात, सेरो) शब्दमा पाँच पटक, छोटा छोटा अन्तरालमा दोहोरिएका छन् । यसरी आएका उपर्युक्त वर्णहरूले राजेश्वरी खण्डकाव्यको विवेच्य पद्यांशमा काव्यात्मक सौन्दर्य प्रकट गर्नुका साथै यसलाई श्रुतिरमणीय पनि बनाएको देखिन्छ । यसले विवेच्य कृति राजेश्वरीमा पद्यांशमा पदादिको एकवर्णविन्यासवक्रताको स्थितिलाई झल्काउनुका साथै काव्यको अर्थ चमत्कारितामा अभिवृद्धि गरेको छ भन्न सकिन्छ ।

**पदान्तमा वर्णविन्यासवक्रताको प्रयोग**

प्रत्येक पद वा शब्दको अन्त्यमा छोटोछोटो अन्तरालमा आएर अर्थचमत्कार ल्याउने वर्णलाई पदान्त वर्णविन्यासवक्रता भनिन्छ । जस्तै :

१ तिम्रो निम्ति खडा छ एक तगडा घोडा तगारी महाँ
हामी सेवक सात वीर सँगमा ह्वौँला सवारी महाँ
नाघी पर्वत सात पत्र वनको सेरो र फेरो घुमी
रानी पुग्नु छ पर्सि कान्तिपुरमा पूर्वान्हमा नै तिमी (१ : ४)

२ के भो दूर पुगेर वीरहरूले विश्वै जिते तापनि
जान्दैनौ जब एक साथ अरुले बाँच्ने कसोरी भनी
तिम्रो अन्त्य यही तिमी पनि ढले यस्तै कुनै घाटमा
घाँटीमा अनि अड्किएर यमको यस्तै दिनै सातमा (१७ : ५)

माथिको उदाहरण एकमा आएका पङ्क्तिमा पदान्तमा **ड्** वर्ण (खडा, तगडा, घोडा), तीन पटक, **म्** वर्ण ( हामी, सँगमा, घुमी, कान्तिपुरमा, पूर्वाह्नमा, तिमी) पाँच पटक, **र्** वर्ण (तिम्रो, तगारी, वीर, सवारी, सेरो, फेरो) छ पटक दोहोरिएका छन् । त्यसै गरी उदाहरण दुईमा **न्** वर्ण (तापनि, जाँदैनौ, बाँच्ने, भनी, पनि, अनि, दिनै) सात पटक, **म्** वर्ण (तिमी, घाटमा, घाँटीमा, सातमा) चार पटक र **र्** वर्ण (दूर, पुगेर, कसरी, तिम्रो, अड्किएर) पाँच पटक छोटा छोटा अन्तरालमा आवृत्ति भई आएका छन् । यसरी दोहोरिएर आएका वर्णहरूको आवृत्तिले काव्यात्मक सौन्दर्य झल्काउनुका साथै पदान्तमा आउने एक वर्णविन्यासबक्रताको सुन्दर नमुना प्रस्तुत गरेका छन् । यी वर्णहरूको छोटो छोटो अन्तरालमा भएको आवृत्तिले राजेश्वरी खण्डकाव्यलाई अर्थ चमत्कारयुक्त तथा श्रुति माधुर्य बनाउन यथेष्ट मद्दत् गरेका छन् । यसका साथै पदान्तमा आउने एकवर्णविन्यासवक्रताको सुन्दर नमुना समेत झल्काएका छन् ।

**व्यवधानयुक्त द्विवर्णविन्यासवक्रता**

कम्तीमा दुईवटा व्यञ्जनवर्णहरू छोटा छोटा अन्तरालमा आवृति भई काव्यमा सौन्दर्य उत्पन्न गर्नुलाई द्विवर्णविन्यासवक्रता भनिन्छ । जस्तै :

१ कोशी दूर सुसाउँछिन् कि मनमा घुस्छन् विलौनाहरू
बास्छन् झ्याउँकिरी कि निद नपरी घुम्छन् तरानाहरू
छाया हुन् वन वृक्षका कि निशिका दुस्वप्न हुन् जान्दिनन्
उठ्छिन् आकुल शून्यमा कि भुइमै हिड्छिन् कहीँ जान्दिनन् (६ : ३)

२ गइन् रानी विद्या रवि पनि उदासी बनिगए
रहेथे जो बाँचूँसरि गरि सधैँ ती पनि गए
छ बाँकी हावाका हरलहरमा मार्मिक कथा
पुछिन्नन् रे आँसु पुछिकन पनि निष्ठुर व्यथा (२० : १)

उपर्युक्त उदाहरणमध्ये एकमा (सुसाउँछिन्, घुस्छन्, बास्छन्, घुम्छन्, उठ्छिन्, हिँड्छिन्) मा **छ्** र **न्** दुईै वटा वर्ण छ पटक, उदाहरण दुइमा (पनि) शब्दमा **प्** र **न्** वर्ण तीन पटक, (हरलहरमा) **ह्** र **र्** वर्ण दुई पटक, (पुछिन्नन् पुछिकन) **प्** र **छ्** दुई पटक छोटो छोटो अन्तरालमा आवृत्ति भएका छन् । आवृत्ति भएका

उपर्युक्त वर्णहरूले विवेच्य कृति राजेश्वरी खण्डकाव्यमा व्यवधानयुक्त द्विवर्णविन्यासवक्रताको नमुना प्रस्तुत गरेका छन् । यसबाट काव्यात्मक अभिव्यक्तिमा सौन्दर्य व्यञ्जित गर्न निकै मद्दत् पुगेको देखिन्छ ।

**व्यवधानयुक्त बहुवर्णविन्यासवक्रता**

कुनै साहित्यिक कृतिमा तीन वा सोभन्दा वढी व्यञ्जन वर्णहरूको छोटो छोटो अन्तरालमा आवृत्ति भई उत्पन्न हुने सौन्दर्यलाई बहुवर्णविन्यासवक्रता भनिन्छ । राजेश्वरी खण्डकाव्यमा पनि बहुवर्णविन्यासवक्रताको नमुनाका रूपमा निम्न पङ्क्तिलाई लिन सकिन्छ:

१ यौटा चिल उडिरहेछ शिरमा गैछुन्छ गैछुन्छ झैं
आशंका मनमा छ आज सबको क्यै हुन्छ क्यै हुन्छ झैं
टाढा खलबलझैं सुनिन्छ नगिचै जो आउँछन् मन्दछन्
रानी जानु हुँदैन कान्तिपुरमा ढोका सबै बन्दछन् (१० : ३)

माथिका पद्यांशमा **हुन्छ, हुन्छ** शब्दमा **ह, न्** र **छ** वर्ण एवम् **मन्दछन्** र **बन्दछन्** मा **न् द् छ न्** वर्णहरू दुई पटक स-साना अन्तरालमा आवृत्ति भएका छन् । आवृति भई आएका उपर्युक्त वर्णहरूले विश्लेष्य कृति राजेश्वरीमा लोकोत्तर अर्थ पैदा गर्नुका साथै काव्यमा श्रुतिरम्यता सृजना गरेका छन् । जसबाट व्यवधानयुक्त बहुवर्णविन्यासवक्रताको स्थितिलाई झल्काएको छ भन्ने स्पष्ट हुन्छ ।

**ध्वनितात्त्विक उच्चारणगत वर्णविन्यासवक्रता**

कुन्तकले ध्वनितात्त्विक वर्णविन्यासवक्रतालाई पनि **वर्गान्तस्पर्शयोगी** वर्णविन्यासवक्रता, **तलनादि** वर्णविन्यासवक्रता र **रकारादि** वर्णविन्यासवक्रता गरी तीन भागमा विभाजन गरेको देखिन्छ । राजेश्वरी काव्यमा तिनको स्थिति निम्न अनुसार रहेको पाउन सकिन्छ ।

**वर्गान्तस्पर्शयोगी वर्णविन्यासवक्रता**

उच्चारण प्रक्रियाका आधारमा **क् च् ट् त् प्** वर्गका व्यञ्जन वर्णहरूलाई संस्कृतमा स्पर्शी वर्ण भनिन्छ । यस्ता वर्णहरू आ-आफ्ना पञ्चम वर्णसँग आवृत्ति हुँदा उत्पन्न हुने विशिष्ट नाद सौन्दर्य वर्गान्तस्पर्शयोगी वर्णविन्यासवक्रता हो । स्पर्शी वर्णको वर्गान्त वर्णसँग योग हुँदा तत्सम शब्दमा पञ्चम वर्ण हुन्छ भने आगन्तुक र मौलिक नेपाली शब्दमा आएका वर्णमा भने **च्** र **ट्** वर्गका स्थानमा त वर्गको पञ्चम वर्ण न् नै प्रयोग हुन्छ ।

१ रच्छन् वीर जुटेर आज बलिया किल्ला कलुङ्गामहाँ
पुर्खाका पदचिह्न छन् अमिट रे प्रत्येक ढुङ्गामहाँ
हाम्रो हृदय हिल्ल्छ मूल छहरा छाँगा र गङ्गामहाँ
हाम्रो जीवन खिल्छ ज्योति बनका अम्लान थुङ्गामहाँ (११ : २)

माथि उल्लेखित पङ्क्तिका क**लुङ्गा**, **ढुङ्गा,** गङ्गा, थु**ङ्गा शब्द**मा आएका **ग** स्पर्शी पञ्चम वर्णसँग वर्गान्त **ङ्** वर्णको योग र आवृत्तिबाट विवेच्य कृतिको श्रुतिपेशलतामा गुणात्मक बृद्धि हुन पुगेको भेटिन्छ ।

**तलनादि वर्णविन्यासवक्रता**

आचार्य कुन्तकका अनुसार **त् ल् न्** आदि वर्णहरूको द्वित्वबाट काव्यमा उत्पन्न हुने चारुत्व नै तलनादि वर्णविन्यासवक्रता हो । विवेच्य कृति राजेश्वरीमा **त् ल् न्** आदि वर्णविन्यासवक्रता भएका श्लोकहरूको नमुना निम्नानुसार छ:

१ सल्लाको वनभित्र उड्छ कुहिरो अल्झेसरी लर्वर
छिर्छन् मिर्मिर रश्मी जाल जसमा सङ्गीतले सुन्दर
खोली पङ्ख मुनाल नाच्छ छविको प्रछन्न छायाँ मनि
बौरी उठ्छु म फेरि रूप रङ्गमा सुन्केसरी झैं बनी (४ : १)

२ हेलम्बु गिरि शृङ्ग विश्वभरको सौन्दर्यको देशमा
हिँड्छन् किन्नर किन्नरीहरू जहाँ यै मर्त्यको भेषमा (२ : २)

माथिको पहिलो श्लोकमा आएको स**ल्ला**, प्रछ**न्न** शब्दमा **ल्** वर्णको र **न्** वर्णको द्वित्व भई आवृत्ति भएको र दोश्रो श्लोकांशमा कि**न्न**र कि**न्न**रीमा **न्** वर्णको द्वित्व भई दुई पटक आवृत्ति भएको छ । यस्तो आवृत्तिले राजेश्वरी कृतिलाई नाद सौन्दर्ययुक्त र चामत्कारिक अर्थ प्रदान गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको छ भन्न सकिन्छ ।

**रकारादि वर्णविन्यासवक्रता**

उच्चारण प्रक्रियामा संस्कृतका स्पर्शी (क देखि म सम्म) वर्णहरू बाहेक **य् र् ल् व्** र **श् ष् स् ह्** वर्णहरूसँग **र** कार वा रेफ तलमाथि आई यसबाट काव्यमा झल्कने सौन्दर्य रकारादि वर्णविन्यासवक्रता हो । यसलाई कसै कसैले शिष्टाचार वर्णविन्यासवक्रता पनि भनेको पाइन्छ । राजेश्वरी काव्यमा रकारादि वर्णविन्यासको स्थिति निम्नानुसार रहेको पाउन सकिन्छ :

१ तिम्रो रीति यही- पराइहरूमा हुन्छौ सदा निर्दय
आधा मूर्च्छित स्वार्थले छ कसरी हा मानवी हृदय (१७ : २)

माथिका पङ्क्ति **स्वार्थ** र **हृदय** शब्दमा आएका रेफले प्रस्तुत विवेच्य कृतिमा श्रुति रम्यता र चारुत्व अभिवृद्धि गर्ने कार्य गरेका देखिन्छन् ।

**व्यवधान विहीन वर्णविन्यासवक्रता**

कुनै पनि काव्यांशमा बिना बाधा व्यवधान पटक पटक दोहोरिएर काव्यमा सौन्दर्य भर्ने वर्ण योजनालाई व्यवधान विहीन वर्णविन्यासवक्रता भनिन्छ । यस किसिमको वक्रतामा काव्यमा कुनै पद वा पदावलीको पुनरावृत्ति उही क्रममा भई त्यस्ता पदमा आएका व्यञ्जनवर्णहरूले अर्थ चमत्कार सिर्जना गर्दछन् र त्यो व्यवधानविहीन वर्णविन्यासवक्रता हुन्छ । यसका पनि तिन उपभेद रहेका छन् (पोखरेल, २०६४, पृ. १०८-११४) ।

**व्यवधान विहीन एकवर्णविन्यासवक्रताको प्रयोग**

कुनै व्यञ्जन वर्ण उही क्रममा लगातार दोहोरिएर आई त्यसले काव्य वा कवितामा विभिन्न सौन्दर्यको चामत्कारिक सिर्जना गर्दछ भने त्यो व्यवधान विहीन एकवर्णविन्यासवक्रता हुन्छ । राजेश्व**री**मा पाइने एक वर्णविन्यासवक्रताको नमुना निम्न श्लोकमा पाउन सकिन्छ:

१ पापी जीवनका निमित्त जतिनै गर्छ्यौ तिमी कोसिस
भासिन्छ्यौ अमरत्वबाट त्यतिनै हे मर्त्यकी मानिस (१६ : ३)

माथिको काव्यांशमा आएका पापी, कोसिस, निमित्त शब्दमा **प् त् स्** वर्णको बिना व्यवधान आवृत्ति भएको छ । यसले विवेच्य कृतिमा काव्यात्मक सौन्दर्य बढाउन मद्दत् गरेको छ ।

**व्यवधान विहीन द्विवर्णविन्यासवक्रताको प्रयोग**

काव्यका कुनै पङ्क्तिमा दुई ओटा वर्णहरू बिना व्यवधान आवृत्ति भई त्यसले काव्यमा सौन्दर्य सिर्जना गरी पद्यांशलाई श्रुति रमणीय बनाउँछ भने त्यसलाई व्यवधान विहीन द्विवर्णविन्यासवक्रता भनिन्छ । राजेश्वरीमा पाइने द्विवर्णविन्यासवक्रताका नमुनाका लागि निम्न श्लोकलाई लिन सकिन्छ:

१ मेरा सन्तति कोटि कोटि कसरी रुन्छन् अँध्यारा मनि
लाखौं दुःख र दर्द एक स्वरमा उच्चारी आमा भनी (९ : ५)

२ चल्थे झिमझिम तालमा नव वधू तिम्रा परेली जुन
ढल्दा हुन् अब निर्निमेष भुइँमा केही नबोलीकन (३ : ३)

३ त्यहींनेरै गङ्गा पल र पल गर्छिन् भुल भुल
भुभुल्की धर्तीको चिर अतलदेखिन् दिल दिल (२० : २)

माथिका कविताांशमा आएका कोटि कोटि, झिमझिम, भुल भुल, दिल दिल, शब्दमा व्यवधान विहीन **क् ट, झ् म, प् ल, भ् ल, द् ल्** को आवृत्तिले काव्यकृतिमा विशिष्ट काव्य सौन्दर्य उत्पन्न गरेको देखिन्छ र यसले राजेश्वरी काव्यकृतिलाई अझ रोचक बनाएको छ भन्न सकिन्छ ।

**व्यवधान विहीन बहुवर्णविन्यासवक्रताको प्रयोग**

तिन वा सोभन्दा बढी वर्णहरूको व्यवधान विहीन किसिमले आवृत्ति भई काव्यमा सौन्दर्य सिर्जना गर्दछ भने त्यसलाई व्यवधान विहीन बहुवर्णविन्यासवक्रता भनिन्छ । राजेश्वरी खण्डकाव्यका थोरै पङ्क्तिमा मात्र यस्तो वर्णविन्यासवक्रता पाउन सकिन्छ । जस्तै :

१ आफ्नै केश उखेली आज भूइमा पङ्कन्छु पङ्कन्छु म
उठ्दैनौ किन वीर भद्र भन रे कङ्कन्छु कङ्कन्छु म (९ : ३)

माथिका पङ्क्तिमा **पङ्कन्छु पङ्कन्छु,** र **कङ्कन्छु कङ्कन्छु** शब्दमा आएका **ङ् क् न् छ्** वर्णहरूको दुई दुई पटक आवृत्तिले व्यवधान विही**न** बहुवर्णविन्यासवक्रताको नमुना प्रस्तुत गरेको छ ।

**भावानुकूल वर्णविन्यासवक्रता**

आचार्य कुन्तकद्वारा प्रतिपादित गरिएका वर्णविन्यासवक्रताका भेदहरूमध्ये भावानुकूल वर्णविन्यासवक्रता पनि एक हो । यो कवि स्वभावका आधारमा काव्यमा मार्ग हुने कुरा पनि कुन्तकले उल्लेख गरेका छन् । उनले बताएका सुकुमारमार्ग, विचित्रमार्ग र मध्यमार्ग एवं काव्यमा स्वीकारिएका माधुर्यगुण-उपनागरिकावृत्ति, ओजगुण-परुषावृत्ति र प्रसादगुण-कोमलावृत्तिसँग सम्बन्धित वर्ण विवेच्य कृति **राजेश्वरी**मा पाइन्छन् । त्यस किसिमका भावअनुकूल वर्णयोजना गरी कवि घिमिरेले यस कृति भरि नै विशिष्ट चामत्कारिक काव्यसौन्दर्य सिर्जना गरेका छन् ।

**माधुर्य गुण**

मुर्धास्थानी बाहेकका वर्णहरू र पञ्चम वर्णसँग टाँसिई आएका संयुक्त अक्षरहरू एवम् **र् ल्** जस्ता कोमल वर्णहरूको प्रयोगबाट माधुर्य गुण उत्पन्न हुन्छ । यो गुण शान्त, शृङ्गार र करुण रसमा अधिक प्रयोग हुने गरेको भेटिन्छ । जस्तै :

१ आमा त्यो दिन मुस्कुराइ मुखमा खाएर म्वाइँ गयौ
मैले देखिन फर्किएर कसरी आँसु लुकाई गयौ
जाँदैछ्यौ वन बासिनी हुन भनी मैले अहो जानिनँ
त्यो बेला अनजान पाँच वयको बच्चा भए हूँ किन ! १४ : २

माथिको पद्यांशमा आएका वर्णहरू मध्ये कोमल वर्ण **र्, ल्, न्** आदिजस्ता माधुर्य गुणका सूचक भएर आएका छन् । यसले गर्दा **राजेह्वरी**का विवेच्य पद्यांशलाई माधुर्यगुणयुक्त, श्रुतिरम्य र कोमल भाव प्रवाह गरेको छ ।

**ओज गुण**

काव्य रचनामा प्रयोग हुने **ट् ठ् ड् ढ्** तथा **श् ष् स् ह्** वर्णहरूले वीरता, लडाइँ, आदि भाव प्रस्तुत गरेमा ओज गुणको सिर्जना हुन्छ । **राजेश्वरी** काव्यका निम्न लिखित कवितांशले ओजगुणको सिर्जना गरेको देखिन्छ :

१ चड्कन्छ्यौ जब वज्रतुल्य रिसले हेवज्रकी जोगिनी
छड्की उठ्तछ दैत्यका रगतले तिम्रो कराइ अनि
काली भीषण शून्यको विवरमा निल्छ्यौ महासृष्टि जो
गर्छ्यौ पालन नित्य भक्त जनमा राखी दया दृष्टि यो (७ : ५)

उपर्युक्त उदाहरणमा चड्कन्छ्यौ, वज्र, वज्रतुल्य, छड्की, उठ्तछ, भीषण, विवर, महासृष्टि, दयादृष्टि, शब्दमा आएका **ट् ठ् ड् ष् स् ह्** वर्णहरूले सन्दर्भ र भावनानुकूल अभिव्यक्ति प्रकट गरेका छन् । यसले गर्दा विवेच्य कृतिमा ओजगुण सिर्जना भई काव्यमा सौन्दर्य थपिन पुगेको छ भन्न सकिन्छ ।

**प्रसाद गुण**

सुन्ने वित्तिकै सहज तरिकाले अर्थ बोध हुने गुणलाई प्रसाद गुण भनिन्छ । यसमा छोटा छोटा असमस्त पदावलीको प्रयोग गरिएको हुन्छ । यो सरल प्रकृतिको रचनामा रहने गुण हो । यो गुण प्रायः सबै रसमा पाइन्छ । विवेच्य कृति **राजेश्वरी**मा पनि यस गुणको प्रयोग अधिक भेटिन्छ । यसलाई निम्न अनुसार स्पष्ट्याउन सकिन्छ :

१ कालैलाई पछार्न सक्छ जसले खेलेर कुस्ती तर
मान्छे कै अघि हार्नुपर्छ यदि छन् मान्छे भने निष्ठुर
तिम्रो न्याय यही- मिलेर यतिका यौटी यहाँ मार्दछौ
जित्छौ कातर के महासमर यो, भोलि यहाँ हार्दछौ । (१७ : ३)

उपर्युक्त उदाहरणमा प्रयोग भएका सरल शब्दहरूले सुन्नासाथ सहृदयका मनमा अर्थ सञ्चारण गर्ने क्षमता राख्दछन् । यसैले उपर्युक्त कवितांशमा प्रसाद गुण झल्किएको छ भन्ने स्पष्ट हुन्छ ।

## निष्कर्ष

राजेश्वरी खण्डकाव्य वर्णयोजनाका दृष्टिले सुन्दर काव्यकृति ठहरिन्छ । काव्यमा यस्तो सौन्दर्य सिर्जना गर्नका लागि आचार्य कुन्तकले प्रतिपादन गरेको वक्रोक्ति सिद्धान्त अन्तर्गत वर्णविन्यासवक्रताका आधारमा कवि माधवप्रसाद घिमिरेले उपयुक्त वर्ण चयन गरी राजेश्वरी खण्डकाव्यलाई श्रुति, लय र अर्थचमत्कारयुक्त बनाएका छन् । वर्णविन्यासवक्रताको प्रयोगका सन्दर्भमा राजेश्वरी खण्डकाव्यलाई लिई अध्ययन विश्लेषण गर्दा काव्यमा आयोजित वर्णहरूको चारुत्वबाट व्यवधान सहित र व्यवधान रहित एक, द्वि, बहुवर्णविन्यासवक्रता, ध्वनितात्त्विक वर्णविन्यासवक्रता तथा भावानुकूल वर्णविन्यासवक्रताको प्रयोगका दृष्टिले विवेच्य कृति ओतप्रोत छ भन्न सकिन्छ । प्रस्तुत कृतिमा प्रयुक्त व्यञ्जन वर्णहरूको आयोजनाले राजेश्वरी खण्डकाव्यलाई आकर्षक, श्रुतिरम्य, लयमाधुर्य, एवम् अर्थचमत्कारयुक्त बनाएको छ भन्ने स्पष्ट भएको छ र नेपालीका अन्य कृतिहरूलाई समेत यसरी नै विश्लेषण गर्न सकिन्छ भन्ने समेत स्पष्ट भएको छ ।

## सन्दर्भसामग्रीसूची


अवस्थी, महादेव. (२०५३). “वर्ण विन्यासवक्रता र मुनामदन खण्डकाव्यमा त्यसको प्रयोग”. *गरिमा.* ६ : १२, मङ्सिर. पृ.५०–५६ ।

आचार्य, विश्वेश्वर. (सन् १९९५). *हिन्दी वक्रोक्ति जीवित.* दिल्ली, दिल्ली विश्वविद्यालय हिन्दी माध्यम कार्यान्वय निदेशनालय ।

उपाध्याय, केशवप्रसाद. (२०४८). *पूर्वीय साहित्य सिद्धान्त.* ललितपुर, सझा प्रकाशन ।

उपाध्याय, बलदेव आचार्य. (सन् २००१). *संस्कृत साहित्यका इतिहास.* दशौं संस्क. वाराणसी, शारदा निकेतन ।

कुन्तक. (२०२४). *वक्रोक्तिजीवितम्. व्या. राधेश्याम मिश्र.* वाराणसी, चौखम्बा संस्कृत सिरिज ।

गुरागाईं, यज्ञप्रसाद. (सन् २०२२). ‘फुल्यो गुराँस’ गीतमा वक्रोक्ति. *रूपान्तरण अ मल्टिडिसिप्लिनरी जर्नल.* भोलुम ६ (0१) । पृ. १२४–१३४

घिमिरे, माधवप्रसाद.(२०४९). *राजेश्वरी.* पाँचौं संस्क. ललितपुर, साझा प्रकाशन ।

द्विवेदी, दशरथ. (सन् २००७) *वक्रोक्तिजीवितम्.* वाराणसी, विश्वविद्यालय प्रकाशन ।

नगेन्द्र. (सन् १९९५). रीतिकाव्यकी भूमिका. नयीदिल्ली, नेशनल पब्लिसिंग हाउस ।

पोखरेल, केशवराज. (२०६२). “राष्ट्र निर्माता खण्डकाव्यमा वर्णविन्यासवक्रताको प्रयोग” सम्प्रेषण २ : २ । पृ. १०८–११४

बराल, केशवराज (सन् २०२४). कविराजाको तडसिडमा वक्रोक्ति. *इन्टरनेशनल रिसर्ज जर्नल अफ एमएमसी.* भोलुम ५, इस्यु ३ । पृ. १–१२

भट्टराई, ध्रुवप्रसाद. (२०७७). लोककवितामा वक्रोक्तिको प्रयोग. बमकुमारी बुढामगर र अन्य (सम्पा.). *नेपाली लोकवार्ता भाग ९.* काठमाडौं, लोकवार्ता परिषद नेपाल । पृ. १३७–१५०

मिश्र, राधेश्याम. (२०२४). *वक्रोक्तिजीवितम् भूमिका.* वाराणसी, चौखम्बा सिरिज ।

शर्मा, ऋषिराम. (२०७३). नेपाली लघुकथामा वक्रता. *समकालीन साहित्य.* पूर्णांक ७८, पृ. ९०-९८ । .

शर्मा, मुकुन्द. (२०६८). “ऋतु विचारको वर्षा विचारमा वर्ण विन्यास वक्रताको प्रयोग”. *प्राज्ञिक प्रवाह.* अंक ६. पृ. ९०–९९